यस व्यास नगरपालिकाको १५९ औं बैठक आज मिति २०७९/१०/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ उ | पस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | अनुपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री हरिराम नागिला | अनुपस्थित |
| नि.प्रमुख प्रशासकीय अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: २०७९/१०/६ गतेको कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: गैह्र कृषि जग्गा वर्गीकरण सम्बन्धमा ।
प्रस्ताव नं.३: भूमिहिन सुकुम्बासी लगायतका जग्गा दर्ता प्रकृया अघि बढाउने सम्बन्धमा ।
प्रस्ताव नं.४: मादीनदी अन्तर्गत प्राकृतिक श्रोत बिक्री सम्बन्धमा ।
प्रस्ताव नं.५: गण्डकी प्रदेश अन्तर्गतका योजनाहरु सम्झौता गर्न सिफारिस गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: गण्डकी प्रदेश सरकारमा विभिन्न वडाबाट आएका योजनाहरु सिफारिस गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: मादीनदीमा पृथ्वीराजमार्ग अन्तर्गत पुल निर्माण गर्दा अस्थायी क्रसर उद्योग सञ्चालन गर्न अनुमति दिने सम्बन्धमा ।
प्रस्ताव नं.८: करार दीर्घ सेवाका कर्मचारीहरुलाई प्रोत्साहन दिने कार्यविधि सम्बन्धमा ।
प्रस्ताव नं.९: विस्थापित शिक्षक पुनर्स्थापना अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१०: विभिन्न विद्यालयमा विषय एकिन तथा परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.११: शिक्षक दरबन्दी व्यवस्थापन एवं सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.१२: विपद् कोषमा सहभागीता रकम पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.१३: सहकारी संस्थालाई अनुदान दिन भएको सिफारिस अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१४: शैक्षिक वेरोजगार महिलाको प्रस्ताव पेश गर्न म्याद थप गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: सडक बोर्ड तर्फको कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: एकीकृत जग्गा विकास कार्यक्रम अन्तर्गत DGPS मेशिन खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१७: भूमि आयोग अन्तर्गत करार सेवामा सर्वेक्षक माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८: व्यास १० अँधेरीभञ्ज्याङ्ग स्थित चौताराको रुख काँटछाँट अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.१९: योजना एकिन गरी सिफारिस गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२०: मकै बिउ वितरण कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२१: विस्तृत परियोजना तयार गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२२: सूर्योदय प्राथमिक विद्यालयलाई शिक्षक अनुदान दिने सम्बन्धमा ।
प्रस्ताव नं.२३: पराशर आश्रमको गुरुकुल सञ्चालन अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.२४: प्रधान अध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२५: आदिकवि भानुभक्त माध्यमिक विद्यालय सञ्चालन अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.२६: प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२७: सेवा करारमा रहेका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२८: परीक्षा सञ्चालन संयोजन सम्बन्धमा ।
प्रस्ताव नं.२९: अत्यावश्यक योजना एवं विपद्जन्य कार्यमा रकम विनियोजन गर्ने सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा २०७९/१०/६ गते कार्यपालिका बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ बमोजिम वर्गीकरण गरिएका गैह्र कृषि योग्य जग्गाको वर्गीकरण तत्काल गर्नुपर्ने देखिंदा NSET सँग सम्झौता गरी नगरस्तरीय भू-उपयोग नीति एवं जग्गा वर्गीकरणको कार्य भइरहेकोले सो प्राप्त हुनासाथ छिटो भन्दा छिटो वर्गीकरणको कार्य सम्पन्न गर्न सम्बन्धित घर नक्सा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय भूमी आयोगको परिपत्रदेखि कार्यविधि मापदण्डका आधारमा व्यास नगरपालिका भित्र दर्ता निस्सा वितरण गर्ने कार्य २/३ वडा बाहेक सबैमा भइसकेकोले वडा नं. १४, १३ हुदै जग्गा नापी प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा पटक-पटक बोलपत्र आव्हान गर्दा मादीनदी अन्तर्गत पृथ्वी राजमार्ग मादीनदी पुल देखि वडा नं.६ शिशाघाट पुल लगायत यस नगरपालिका कार्यक्षेत्र भित्र ढुङ्गा, बालुवा बिक्री गर्न टेण्डर प्रकृया अघि बढ्न नसकेकाले मिति २०७९/१०/११ गतेदेखि व्यास नगरपालिकाले नै अमानतमा कर्मचारी मार्फत ढुङ्गा, गिट्टी, बालुवा आर्थिक ऐन, २०७९ को दररेट अनुसार बिक्री वितरण गर्दा २०७९/१०/२१ सम्म ११ दिनमा रू.२४,८४,९७५/- आय प्राप्त भएको जानकारी प्राप्त गरियो । विभिन्न नाकाहरुमा स्थानीयहरु र वडाका जनप्रतिनिधिसँग समन्वय गरी बिक्री वितरण कार्यलाई व्यवस्थित, पारदर्शी गर्न गराउन राजश्व समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारबाट यस नगरपालिका भित्रका विभिन्न योजनामा विनियोजित रकम जग्गा एकिन नभएका कारणले सम्झौता हुन रोकिएको देखिंदा निम्नानुसार योजनामा सम्बन्धित वडाको सिफारिस समेतका आधारमा जग्गा एकिन गरी सम्झौताका लागि सिफारिस गर्ने निर्णय गरियो ।

(क) गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय तनहुँको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम अन्तर्गत "अपाङ्गता श्रोत केन्द्र भवन निर्माण योजना व्यास ११" तनहुँ कार्यक्रम कोड ११.४.२२.१८९१ नामक योजनाका लागि निजी जग्गामा भवन बनाउन नमिल्ने हुँदा व्यास नगरपालिका वडा नं.११ फराकचौर ९/ख अन्तर्गत पूर्वतर्फ संजय अधिकारीको कि.नं.१२७ को जग्गा, पश्चिम-उत्तर सार्वजनिक खोल्सी, दक्षिण तपिमायाँ अधिकारीको कित्ता नं.१७४ को जग्गा यती चार किल्ला भित्रको अन्दाजी ०-८-०-० आना ऐलानी प्रति जग्गामा उक्त श्रोत केन्द्रको भवन निर्माण सम्झौता प्रकृया अघि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका वडा नं.८ पुलिमघ्याङ्ग टोल विकास संस्था स्थित ऐतिहासिक परापूर्वदेखि चली आएको खड्कदेवी मन्दिरको अन्दाजी २-४-०-० जग्गा र भौतिक संरचना सहितको भोगचलन रहदै आएकोमा उक्त जग्गामा साविक परम्परागत मन्दिरलाई यथावत राखी कोही कसैको दावी नभएको अवस्था अन्य भौतिक संरचना निर्माण गर्नका लागि गण्डकी प्रदेश सरकार सामाजिक विकास कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल गर्दा निम्न लिखित वडाहरुबाट सिफारिस भई आएका योजनाहरुलाई गण्डकी प्रदेश सरकार पोखरामा माग गरी पठाउने निर्णय गरियो ।

**(क) वडा नं.२ अन्तर्गत:**
(१) उद्योग वाणिज्य संघ कार्यालय - गणेशमान चोक - अमरापुरी- छाब्दी मार्ग कालोपत्रे विस्तार ।

**(ख) वडा नं.६ अन्तर्गत:**
(१) माहेन्द्री ग्रामीण मोटर मार्ग कालोपत्रे ।
(२) भलायडाँडा देउराली खानेपानी योजना
(३) शेषटार तल्लो साँजा हुदै गलाफुटारसम्मको कालोपत्रे ।
(४) साँझाटोल गलाफु खानेपानी टंकी निर्माण गरी लिफ्टिङ्ग खानेपानी ।
(५) शान्ती मोटर मार्ग कालोपत्रे ।
(६) शिशाघाट साँजा कृषि पर्यटन मार्ग स्तरोन्नति ।

**(ग) वडा नं.९ अन्तर्गत:**

(१) सिस्नेरी मोहोरियाटार खानेपानी योजना ।
(२) गजौडे खानेपानी योजना ।
(३) कुमालगाउँ लिफ्टिङ्ग सिँचाई ।
(४) रातपाते कुलो निर्माण ।
(५) चालिसे रिट्ठाबोटे कुलो निर्माण ।
(६) दुर्गेटारी कुलो निर्माण ।
(७) सिस्नेरी-रानीपानी पुल निर्माण ।
(८) राजापानी मोटर मार्ग पक्की नाला र कालोपत्रे ।
(९) नगेन्द्र मोटर मार्ग पक्की नाला र कालोपत्रे ।
(१०) अमर शहिद मोटर मार्ग पक्की नाला र कालोपत्रे ।
(११) कलेस्ती खोला नियन्त्रण ।
(१२) श्री सरस्वती आधारभुत विद्यालय ४ कोठे पक्की भवन ।
(१३) श्री माहेन्द्री माध्यमिक विद्यालयमा ४ कोठे भवन ।
(१४) कृषि उपज संकलन केन्द्र भवन निर्माण ।
(१५) गहनचौर माझफाँट खेल मैदान निर्माण ।
(१६) कुमालगाउँ खेल मैदान निर्माण ।
(१७) गोकुलटारी खेल मैदान निर्माण ।

**(ग) वडा नं.१० अन्तर्गतः**
(१) नयाँबस्ती खानेपानी योजना ।
(२) सिस्नेगैह्रा खानेपानी योजना ।
(३) माइथुम्का खानेपानी योजना ।
(४) दुम्सी भतेरी खानेपानी योजना ।
(५) रोयलीटार वि.पि. भञ्ज्याङ्ग पक्की नाला निर्माण ।
(६) डिहिगाउँ डिहिकुना रिङ्गरोड पक्की नाला निर्माण ।
(७) अँधेरीभञ्ज्याङ्ग धैरेनी मार्गमा पक्की नाला निर्माण ।
(८) दुम्सी दुध डायरी भञ्ज्याङ्ग हुँदै वडा कार्यालय मार्ग नाला निर्माण ।
(९) सेवर नयाँबस्ती वडा कार्यालय कालोपत्रे ।
(१०) सेवर सितलगुफा मार्ग पक्की नाला निर्माण ।
(११) दुम्सीचौर दुम्सीकोट कालिका मार्ग कालोपत्रे ।
(१२) जनता आधारभुत विद्यालयको कम्पाउण्डवाल निर्माण ।
(१३) चण्डीदेवी राष्ट्रिय मा.वि. परिशरमा ब्लक विछ्याउने कार्य ।
(१४) दुम्सीचौर स्वास्थ्य केन्द्र स्तरोन्नति ।
(१५) पोखेलफाँट सिँचाई आयोजना (बाँध कुलो निर्माण)
(१६) देवीडाँडा पार्क निर्माण (डि.पि.आर. कार्यान्वयन) ।
(१७) १०८ वरपिपल चौतारा निर्माण ।
(१८) छाङ्गाबाराही मन्दिर डि.पि.आर. कार्यान्वयन ।

**(घ) वडा नं.१३ अन्तर्गतः**
(१) दमौली-केशवटार-सुखौरा मार्ग कालोपत्रे ।
(२) बेनीकोट भञ्ज्याङ्ग कृषि मोटर मार्ग स्तरोन्नति (कालोपत्रे) ।
(३) कालीमाटी कुकुरढुंगे मोटर मार्ग स्तरोन्नति (कालोपत्रे) ।
(४) भड्खाला हुदै आशापानी बेलचौतारा स्कुल डाँडा मोटर मार्ग स्तरोन्नति (कालोपत्रे) ।

**<u>निर्णय नं.७:</u>** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा अनक कन्स्ट्रक्सनबाट निर्माण हुन गइरहेको राष्ट्रिय गौरवको पृथ्वी राजमार्ग अन्तर्गत मादीनदी पुललाई आवश्यक ढुङ्गा, गिट्टी, बालुवा लगायत निर्माण सामग्री व्यास नगर आर्थिक ऐन, २०७९ अनुसारको दस्तुर लिई पुल निर्माण अवधिभर मात्र अन्यत्र सामाग्री बिक्री वा निकासी गर्न नपाउने गरी अस्थायी कसर उद्योग व्यास ४ र १० अन्तर्गत पर्ने माथिल्लो भतेरीमा सञ्चालन गर्न दिने, साथै सो को जानकारी जिल्ला अनुगमन समितिलाई दिने निर्णय गरियो ।

**<u>निर्णय नं.८:</u>** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत करार दीर्घ सेवामा रहेका कर्मचारीहरुलाई प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.९:</u>** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा हाल मा.वि. तहमा शिक्षा सेवा आयोगबाट स्थायी सिफारिस भई आएका शिक्षकहरुलाई पदस्थापन गर्दा विस्थापित भई निम्न लिखित शिक्षकहरुलाई अर्को व्यवस्था नहुँदासम्म सम्बन्धित विद्यालयको आवश्यकता अनुसार तल लेखिए बमोजिम दरबन्दीमा अध्यापन कार्यमा लगाउने र विद्यालयमा हाजिर भई अध्यापन गरेका मितिदेखि तलव भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

(१) श्री पुरुषोत्तम न्यौपाने, नि.मा.वि. राहत – सामाजिक - क्यामिन कोट मा.वि. व्यास ७ ।
(२) श्री तेजुमाया वाग्ले, प्रा.वि. – नेपाली - बाराही मा.वि. व्यास ११ ।

**<u>निर्णय नं.१०:</u>** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस अघि कायम भएका माध्यमिक तहका विषयहरुमा कार्यरत शिक्षकहरु अनिवार्य अवकासका कारण रिक्त भएका दरबन्दीमा सम्बन्धित विद्यालयको सिफारिस एवं विद्यालयको आवश्यकता र विषयगत दरबन्दीको आधारमा तपसिल बमोजिमका विषयहरु कायम गर्ने निर्णय गरियो ।

(क) श्री महर्षि सँस्कृत माध्यमिक विद्यालय, व्यास ३ मा निम्न माध्यमिक तहमा नेपाली सँस्कृत विषयमा नियुक्ति भई कार्यरत स्थायी शिक्षक श्री विष्णुहरी भट्टराईले मिति २०७९/१०/१७ गतेबाट लागू हुने गरी स्वेच्छिक अवकास लिनु भई रिक्त रहेको दरबन्दीलाई विद्यालयको विषयगत समस्याका आधारमा नेपाली/सँस्कृत विषयको दरबन्दीलाई सँस्कृत भाषा विषयको दरबन्दीमा परिवर्तन गरिपाउँ भनी मिति २०७९/१०/१८ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय सहित पत्र प्राप्त भएकाले साविक नेपाली/सँस्कृत विषयको दरबन्दीलाई सँस्कृत भाषा विषयमा परिवर्तन गर्ने निर्णय गरियो ।

(ख) श्री जनजुक्त शाही माध्यमिक विद्यालय, व्यास ५ मा माध्यमिक तहमा सामाजिक विषयमा नियुक्ति भई कार्यरत स्थायी शिक्षक श्री ज्योतिरमण खनालले मिति २०७९/१०/११ गतेबाट लागू हुने गरी स्वेच्छिक अवकास लिनुभई रिक्त रहेको माध्यमिक तह सामाजिक विषयको दरबन्दीलाई विद्यालयको विषयगत समस्याका आधारमा सामाजिक विषयको दरबन्दीलाई विज्ञान विषयको दरबन्दीमा परिवर्तन गरिपाउँ भनि मिति २०७९/१०/१८ बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय सहित पत्र प्राप्त भएकाले विद्यालयमा हाल रहेको विषयगत दरबन्दी समेतलाई अध्ययन गर्दा सामाजिक विषयको दरबन्दी २ देखिएको र विज्ञान विषयको दरबन्दी नभएकोले साविक सामाजिक विषयको दरबन्दीलाई विज्ञान विषयमा परिवर्तन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.११:</u>** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगर समता विद्यालय व्यास ७ स्थित समता विद्यालयमा २०७९/५/१६ गते सिफारिस भई हाजिर हुनु भएका शिक्षक दिजिता आले शिक्षक सेवा

आयोगको निम्न माध्यमिक तहको परीक्षा उत्तीर्ण गरी तनहुँ जिल्ला भानु नगरपालिका अन्तर्गतका विद्यालयमा पदस्थापन हुने गरी स्थायी नियुक्ति लिई हाजिर हुनु भई रिक्त भएको दरबन्दीमा हाल स्वयंसेवक शिक्षकको कोटामा यस नगरपालिकाबाट सिफारिस लिई बालमन्दिर माध्यमिक विद्यालय व्यास २ मा गणित विषय अध्यापन गर्न खटिनु भएका शिक्षक श्री साधना पन्त र मनकामना आधारभूत विद्यालय व्यास १२ मा अंग्रेजी विषय अध्यापन गर्न खटिनु भएका शिक्षक श्री सन्तोष क्षेत्रीलाई व्यास नगर समता विद्यालयको शिक्षक दरबन्दीमा गणना गरी योग्यता समेतका आधारमा समता विद्यालय शिक्षक अनुसार सेवा सुविधा उपलब्ध हुने गरी शिक्षक पदस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत आ.व.२०७७/०७८ देखि बाढीपैह्रोमा परी घर भत्किई पुनःनिर्माण गर्नुपर्ने र प्रवलीकरण गर्नुपर्ने घरहरु मध्ये प्रत्येक पीडितलाई रू.४,००,०००/- (चार लाख) पाउनेमा १५% यस नगरपालिकाबाट सहभागिता गर्नुपर्ने सङ्घीय सरकारबाट निर्मित कार्यविधि अनुसार हालसम्म लाभग्राही कायम भएका घर पुनःनिर्माणका ५२ जना र घर प्रवलीकरणका १० समेत ६२ जनालाई १५% सहभागितामा जम्मा रू.३७,२०,०००/- (सैतिस लाख बिस हजार) जिल्ला विपद् कोषमा जम्मा गर्नुपर्नेमा आ.व.२०७८।०७९ मा १५ लाख पठाइएकोमा बाँकी रू.२२,२०,०००। (बाइस लाख बिस हजार) दोस्रो किस्ता विपद् कोषबाट जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा तोरी पेल्ने मेशिन वितरण कार्यक्रममा प्राप्त आवेदक सहकारी संस्थाहरुको आर्थिक विकास समितिका सदस्यहरु एवं सम्बन्धित शाखा/उपशाखाका पदाधिकारीहरुले स्थलगत अनुगमन निरीक्षण गरी अनुदानग्राही सहकारी छनौटका लागि तपसिल अनुसार आवश्यक मूल्याङ्कनका आधारहरु तयार गरी सोही अनुसार मूल्याङ्कन गरी प्राप्त अङ्कका आधारमा छनौट गरी कार्यपालिका बैठकमा सिफारिस भई आएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

**तोरी पेल्ने मेशिन वितरणको लागि छनौट गरिएको सहकारी संस्थाः**

| क.सं. | सहकारीको नाम, ठेगाना | अध्यक्ष | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | दभुङ्ग चण्डीदेवी बहुउद्देश्यीय सहकारी सं. लि., व्यास ५ | श्री मोहन कुमार श्रेष्ठ | ९८६०१६७३५५ | रू.१,५०,०००/- ७५% अनुदान रकम |

**वैकल्पिक**

| क.सं. | सहकारीको नाम, ठेगाना | अध्यक्ष | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | युगबोध कृषि सहकारी सं.लि., व्यास ५ | श्री चिरञ्जीवी पण्डित | ९८४६७७०९१९ | |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका भित्र विभिन्न पेशा व्यवसाय गरी बसेका वा पूर्व रुपमा बेरोजगार न्यूनतम प्रमाणपत्र तह वा कक्षा ११ र १२ उत्तिर्ण भई बसेका बेरोजगार महिलाहरुलाई नगरपालिकाले प्रदान गर्ने प्रोत्साहन अनुदान लिनका लागि यस अघि प्रकाशित सूचना थाहा भएन भन्ने गुनासो कार्यपालिका बैठकमा उठेकाले पुनः अन्तिम पटक ७ दिन म्याद थप गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७९/०८० को लागि सडक बोर्ड नेपालबाट लागत साझेदारीमा सञ्चालन हुने गरी बजेट विनियोजन भएको हुँदा वडा नं. १, ३, ४, ७, १०

र १३ को शहरी कालोपत्रे सडकहरुको आवधिक मर्मतका लागि रू.१,०२,८५,७४९/७१ को लागत अनुमान स्वीकृत गरी सहमतीको लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा एकिकृत जग्गा विकास कार्यक्रम अन्तर्गत DGPS (Differential Global Positioning System) मेशिन बजेट शिर्षक नं.९१६ बाट खर्च हुने गरी नियमानुसार खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा भूमी आयोग अन्तर्गत जग्गा नापी गर्नका लागि करार सेवामा दुई जना सर्भेक्षक कर्मचारी हाललाई ०८० आषाढ मसान्तसम्म नियुक्ति गर्न विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० अँधेरीभञ्ज्याङ्ग स्थित चौतारालाई पुननिर्माण गर्न जिल्ला वन कार्यालयबाट रू.१,००,०००/- (एक लाख) उपलब्ध भएकोमा उक्त चौताराका रुखको हांगाहरु काँटछाँट गर्न जिल्ला वन कार्यालयलाई सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारबाट बजेट शिर्षक नं. ११.४.२२.९४५ मा क्यामिनकोट मन्दिर परिशर निर्माण व्यास १० तनहुँलाई रू.५,००,०००/- (पाँच लाख) विनियोजन भएकाले व्यास १० मा क्यामिनकोट नभई दुम्सीकोट कालिका मन्दिर भएको र बजेट शिर्षक नं. ११.४.२२.८६८ मा कालिका मन्दिर निर्माण व्यास ८ तनहुँलाई रू.५,००,०००/- (पाँच लाख) छुट्टै विनियोजन भएकाले व्यास ८ को क्यामिनकोट कालिका मन्दिर भएको र व्यास १० मा दुम्सीकोट कालिका मन्दिर भएकाले सोही अनुसार सम्झौता निर्माण गराउनु हुन गण्डकी प्रदेश सरकार सामाजिक विकास कार्यालय तनहुँलाई योजना एकिन गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल गर्दा बजेट शिर्षक नं.२२७ बाट खर्च हुने गरी २०७९/६/७ को कार्यपालिका निर्णयानुसार फलफूल बिरुवा वितरण कार्यक्रममा रू.५,००,०००/- (पाँच लाख) विनियोजन गरिएकोमा सो रकम बिरुवा वितरणमा खर्च नगरी ५०% अनुदान हुने गरी मकैको बिउ वितरणमा खर्च गर्न पशु कृषि शाखाको सिफारिस अनुसार स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ को बागेश्वरी मार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) बजेट शिर्षक नं.५८ बाट खर्च हुने गरी बढीमा रू.५,००,०००/- (पाँच लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ राम्चे स्थित सूर्योदय प्राथमिक विद्यालयमा अधिकांश सिमान्तकृत विद्यार्थी अध्ययनरत रहेका प्रा.वि.को एक दरबन्दी कटौती गरिएको, बाल विकास शिक्षक समेत नभएको एक जना मात्र शिक्षक दरबन्दीले विद्यालय सञ्चालन गर्न कठिन भएकाले एक जना सोही विद्यालयमा गतवर्षदेखि कार्यरत स्वयं सेवकलाई अर्को व्यवस्था नहुँदासम्म पठन-पाठन गराउन बजेट शिर्षक नं.१९३ बाट खर्च हुने गरी सम्बन्धित विद्यालयलाई रू.९०,०००/- (नब्बे हजार) अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ पराशर आश्रम अन्तर्गत सत्यवती शिला संरक्षण एवं पराशर आश्रम गुरुकुल शिक्षा व्यवस्थापनका लागि बजेट शिर्षक नं.

१९८ मा रू.१०,००,०००/- (दश लाख) विनियोजन भएकोमा उक्त आश्रमको पत्र माग अनुसार सो रकम मध्ये रू.५,००,०००/- (पाँच लाख) सत्यवती शिला संरक्षणमा र रू.५,००,०००/- (पाँच लाख) पराशर आश्रम गुरुकुल शिक्षा व्यवस्थापनमा खर्च हुने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास ७ क्यामिनकोट मा.वि.को प्रधानाध्यापकमा नि.मा.वि. द्वितीय श्रेणीका स्थायी स्नातकोत्तर शिक्षक श्री युवराज वाग्लेलाई नियुक्ति गर्न विद्यालयको निर्णय भई सिफारिस आएकाले नियुक्ति समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ विज्ञानचौरमा सञ्चालित आदिकवी भानुभक्त क्याम्पसमा विद्यालय शिक्षा अन्तर्गत कक्षा ११, १२ को कक्षा मिति २०५३/३/१९ देखि तत्कालिन उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन लिई सञ्चालन हुँदै आएकोमा उक्त क्याम्पसको विश्वविद्यालय अन्तर्गतका स्नातक, स्नातकोत्तर र माध्यमिक तहका कक्षा सञ्चालन व्यवस्थापन अलग अलग गरी विद्यालय शिक्षामा कक्षा ९ र १० समेत कक्षा ११, १२ सञ्चालन गर्न अनुमति माग भई आएकाले २०८० सालबाट दिवा समयमा कक्षा ११, १२ यथावत र कक्षा ९ थप सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो । साथै आदिकवी भानुभक्त माध्यमिक विद्यालयका नाउँमा EMIS लगायतका अभिलेखीकरण गर्न सम्बन्धित निकाय, विभाग, परीक्षा बोर्डमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कोटकालिका केत्रसात सिंढी मार्ग निर्माणमा विनियोजित रू.१,५०,०००/- (एक लाख पचास हजार) परिवर्तन गरी सोही रकम सम्बन्धित वडाको सिफारिसका आधारमा देउराली वडा कार्यालय सिंढी मार्गमा कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा सेवा करामा कार्यरत कर्मचारीहरुको म्याद २०७९ पौष मसान्तसम्म रहेकोमा नगर सभाको निर्णयानुसार तलव सुविधा पाउने गरी म्याद समाप्त भएको मितिदेखि ०८० आषाढ मसान्तसम्मको लागि सम्पूर्ण करार सेवाका कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत सञ्चालित हुने परीक्षा समितिमा प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षता रहनेमा कारणवश प्रमुख प्रशासकीय अधिकृत उक्त दिन अनुपस्थिति रहेमा प्रमुख प्रशासकीय अधिकृत भन्दा तल्लो तहका सबैभन्दा उच्च तह उपस्थित कर्मचारीको संयोजकत्वमा परीक्षा सञ्चालन व्यवस्थापन मिलाउने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका अत्यावश्यक योजना एवं विपद्जन्य प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | ब्राम्हण समाज, परम्परागत बाजा खरिद | १ | ५०,०००। | २४६ |
| २. | कपडा सिलाई व्यवसायी संघ, कार्यक्रम सहयोग | ३ | ५०,०००। | २३८ |
| ३. | वि.पि. वनवाटिका खेल मैदान जि.स.स., आवास पर्खाल निर्माण | ३ | ४,४२,९९७। | ९११ |
| ४. | नेपाल रेडकस सोसाइटी, प्राथमिक उपचार व्यवस्थापन | ३ | ५०,०००। | २२१ |

| | | | | |
|---|---|---|---|---|
| ५. | नेपाल मगर संघ, बुटिक तालिम व्यवस्थापन | ३ | २,००,०००। | २१८ |
| ६. | तनहुँ कारागार महिला, थुनुवा कक्षा टि.भी. खरिद | ३ | २५,०००। | ६२ |
| ७. | पराशर कलेज, व्याडमिण्टन प्रतियोगिता | ४ | २०,०००। | २४९ |
| ८. | व्यास नगर मिजार समाज, कार्यक्रम सहयोग | ४ | ५०,०००। | २३८ |
| ९. | ऋषिराम गैह्रे, सिँचाई पाइप खरिद | ५ | ५०,०००। | ९२० |
| १०. | ठूलोटार सिमलगैह्रा टोल, खानेपानी पाइप समेत | ५ | ९०,०००। | ९२३ |
| ११. | मानुङ क्षेत्र विकास समिति, कार्यक्रम सहयोग | ५ | २७,०००। | ६२ |
| १२. | चुदेर युवा क्लब, उपमेयर कप फुटवल प्रतियोगिता | ५ | २,००,०००। | २४९ |
| १३. | महेन्द्रज्योती मा.वि., खानेपानी व्यवस्थापन | ६ | ४,००,०००। | ९१० |
| १४. | सुर्केमैदान लाहुरडाँडा, बाटो मर्मत | ६ | १,००,०००। | ९३५ |
| १५. | एकिकृत साँजा युवा क्लव, भलिवल प्रतियोगिता | ६ | ३०,०००। | २४९ |
| १६. | मुस्लिम स्टार युवा क्लव, भलिबल प्रतियोगिता | ६ | ३०,०००। | २४९ |
| १७. | रतन पाण्डे कृषक समूह, सिँचाई कार्यक्रम | ८ | ८०,०००। | ९२० |
| १८. | विष्णुदेवी एग्रोफर्म, सिँचाई पाइप | ८ | २५,०००। | ९२० |
| १९. | जानुका पौडेल, विज्ञान विषय अध्ययन छात्रबृत्ति | ८ | ३०,०००। | १९९ |
| २०. | मोहोरियाटार दुर्गेटार, सडक बत्ती बिस्तार | ९ | १,२५,०००। | ९२१ |
| २१. | खानेपानी पाइप खन्ने पुर्ने | ९ | २५,०००। | ९२३ |
| २२. | खहरे कृषि उत्पादक सहकारी, पोखरी संरक्षण | १० | ५०,०००। | विपद् |
| २३. | दुम्सीचौर नारेश्वरताल क्षेत्र, सडक बत्ती | १० | ३,००,०००। | ९२१ |
| २४. | भऱ्याङदी तल्लो क्षेत्र, खानेपानी व्यवस्थापन | ११ | ५०,००। | ९२३ |
| २५. | गुरुङ्ग कृषि तथा पशु फर्म, पाइप खरिद | ११ | १४,०००। | ९२३ |
| २६. | सुदिप कैनी, घर संरक्षण सहयोग | ११ | ५०,०००। | विपद् |
| २७. | लक्ष्मण वि.क., परम्परागत आरन व्यवस्थापन | ११ | ५०,०००। | २३७ |
| २८. | सरला कृषि फर्म, सिँचाई व्यवस्थापन | ११ | १०,०००। | ९२० |
| २९. | सुन्धारा मुलपानी खानेपानी पाइप खरिद | ११ | २,००,०००। | ९२३ |
| ३०. | गणेश बहादुर अधिकारी, खानेपानी पाइप खरिद | ११ | १९,०००। | ९२३ |
| ३१. | बचाङदी बेलबास, खानेपानी पाइप मर्मत | १३ | ३०,०००। | ९२३ |
| ३२. | रुम्सीटोल, मौला पुजा व्यवस्थापन | १४ | २५,०००। | १८९ |
| ३३. | गरौदी आले मगर, कृषि फाराम बाटो निर्माण | १४ | १,००,०००। | ९३५ |
| ३४. | डि-ल्याण्ड, खेल प्रतियोगीता व्यवस्थापन | १० | १,००,०००। | २४९ |
| ३५. | हिमाली युवा क्लव, भलिवल प्रतियोगीता व्यवस्थापन | १४ | ५०,०००। | २४९ |
| ३६. | वडा कार्यालय अधुरो भवन सम्पन्न गर्ने | १४ | २६,९४,०६५। | ९२२ |
| ३७. | परिवार सेवा समाज, तथ्याङ्क संकलन/प्रशिक्षण | | १,००,०००। | २३८ |
| ३८. | विज्ञान शिक्षक समाज कार्यकम सहयोग | | ५०,०००। | २०३ |